ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# वीरेन्द्रनगर नगरपालिकाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता

रामकुमारी बाह्रघारे
ramkumaribaraghara@gmail.com
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत

## सार

*प्रस्तुत वीरेन्द्रनगर नगरपालिकाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता शीर्षकमा सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका भित्रका कक्षा दसमा अध्ययन गर्ने विद्यार्थीको बुँदा टिपोट क्षमता पहिल्याउनु रहेको छ । यसको साथै छात्र र छात्राको बुँदा टिपोट क्षमताको तुलना गर्नु र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको बुँदा टिपोट क्षमताको विश्लेषण गर्नु रहेको छ । लक्षित उद्देश्य पूरा गर्न माध्यमिक विद्यालयका विद्यार्थीहरूका बुँदा टिपोट क्षमता भएको हुनाले विद्यार्थीलाई केन्द्र विन्दु बनाई सर्वेक्षण विधिबाट अगाडि बढाइएको छ । क्षेत्रीय विधि, तुलनात्मक विधि, अनुच्छेद पठनबोध विधि र पुस्तकालय विधिको प्रयोग गरी गरिएको छ । यसका लागि वीरेन्द्रनगर नगरपालिकाका कक्षा दसका विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जसमा पाँचओटा सामुदायिक विद्यालय र पाँचओटा संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको सहभागिता गराई सम्भावनामूलक नमुना छनोट विधि प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।*

*विद्यार्थीमा रहेको बुँदा टिपोटसम्बन्धी समस्यालाई निराकरण गर्न भाषिक सीपको विकास बुँदा टिपोटबाट मात्र सम्भव हुने भएकाले पाठ्यक्रम निर्माताबाट पाठ्यक्रम निर्माणका क्रममा बुँदा टिपोट सम्बन्धी सार्थक अभ्यास समावेश गरिएको हुनुपर्ने, अभ्यासमूखी क्रियाकलापबाट बुँदा टिपोट क्षमताको परिपाटी अन्त्य गरी पाठ्यपुस्तकमा समाविष्ट सबै गद्यपाठ्य शीर्षकबाट बुँदा टिपोट सम्बन्धी क्रियाकलाप सञ्चालन गरिएको हुनुपर्ने, कक्षा दसमा प्रयोग भएको बुँदा टिपोट सम्बन्धी क्रियाकलाप पाठ्यपुस्तकमा अभ्यासको रुपमा मात्र प्रयोग भएको हुँदा विद्यार्थीमा बुँदा टिपोट सम्बन्धी क्षमताको विकासको कमीलाई मध्यनजर राखी बुँदा टिपोट सम्बन्धी अभ्यासहरू बढी समावेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी बुँदा टिपोटलाई अतिरिक्त क्रियाकलापको रूपमा समेत सञ्चालन गर्न सकिने देखिन्छ ।*

**मुख्य शब्द** : अध्ययनरत, बुँदा, टिपोट, क्षमता, समावेश, सञ्चालन, क्रियाकलाप

## परिचय

भाषा विचार विनियम गर्ने सशक्त माध्यम हो । भाषा विना मानव समाजको परिकल्पना समेत गर्न सकिँदैन । भाषा मानवीय र सामाजिक वस्तु भएकाले भाषाको प्रयोग मानव समाजमा मात्र गरिन्छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

भाषालाई मानवीय बोली र सम्प्रेषणात्मक व्यवहारका रूपमा लिइन्छ । भाषालाई विकास विस्तार तथा सम्प्रेष्य बनाउन भाषिक सिपहरूको आवश्यकता पर्दछ । भाषिक सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । जसमध्ये सुनाइ र बोलाइ बोध तथा पढाइ र लेखाइ अभिव्यक्ति सिपअन्तर्गत पर्दछन् । भाषाका यी विविध सिपहरूमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिप मानिन्छ । भाषिक अभिव्यक्ति बोलाइका माध्यमले पनि गर्न सकिन्छ तर आफ्ना विचार, धारणा, अभिव्यक्तिलाई तथा आफूले सुनेका बोलेका पढेका कुरालाई क्रमबद्ध, व्यवस्थित चिरस्थायी रूपमा राख्न र आवश्यक परेको बेला सम्झनाका लागि लेखाइ सिपको आवश्यकता पर्दछ । लेखाइले अभिव्यक्तिलाई मर्यादित, स्तरीयता, कुशलता प्रदान गर्दछ । यसरी लेखाइ सिप विकास गर्नका लागि विविध क्रियाकलापको आवश्यकता पर्दछ जसमध्ये बुँदाटिपोट पनि लेखाइ सिप अभिवृद्धि गर्ने महत्त्वपूर्ण कार्यकलाप हो ।

कसैले भनेका, सुनेका वा पढेका कुराको सार टिप्नुलाई बुँदा टिपोट भनिन्छ । बुँदा टिपोटमा कुनै घटना, इतिहास पाठ, नाटक, निबन्ध, जीवनी पढेर, सुनेर त्यसलाई सिलसिलाबद्ध रूपमा मिलाएर छोटो रूप लेख्ने वा टिपोट गर्ने कार्य हुन्छ । बुँदा टिपोट कार्य लेख, रचना, घटना, इतिहास, पाठ, नाटक, निबन्धजस्ता लामो कथनहरूलाई छोटो र छरिटो बनाउन प्रयोजनका लागि प्रयोग गरिन्छ । शिक्षकले व्याख्या गरेका, भनेका कुरा आफूले सुनेर सम्झनाका लागि मुख्य मुख्य बुँदा टिप्ने गरिन्छ । कुनै कुराको लिखित रूपमा वर्णन गर्नुपूर्व तयारीका लागि बुँदा टिपोट कार्य प्रभावकारी हुन्छ । मुख्य कुरालाई सिलसिलाबद्ध मिलाईपछि व्याख्या विश्लेषण कार्यमा प्रभावकारी हुन्छ । यसरी भाषाका सो वर्ण र अक्षरको सिलसिलाबद्ध घटना परिघटनालाई टिपोट गर्नु बुँदा टिपोट हो । अभिव्यक्तिका सम्पूर्ण कुरा लेख्न स्मृतिमा समेट्न नसकिने भएकाले बुँदा टिपोट गरी तिनलाई सूत्रबद्ध गर्न सकिन्छ ।

कथा, उपन्यास, निबन्ध साहित्यिक लेखनमा पनि आन्तरिक मनोभावनालाई पहिले टिपोट गर्न सकिन्छ । बुँदाटिपोटबाट लेखनमा तीव्रता ल्याउन सकिन्छ भने स्मरण क्षमता पनि तिर्खान सकिन्छ । बुँदा टिपोटले कुनै लिखित मौखिक अभिव्यक्तिको सारसङ्क्षेप खिच्ने बानीको विकास हुने भएकाले लेखनसिप र दक्षताको पनि विकास हुन्छ । बुँदाटिपोटबाट बोधक्षमताको विकास हुनुका साथै मनोभावना तत्काल लिपिबद्ध गर्न नसकिने अवस्थाका लागि पनि यो सहायक हुने गरेको छ ।

बुँदाटिपोटमा सङ्कथनका मूलभूत सूचना समावेश हुनुपर्छ । प्रमुख विषयवस्तु छुट्नु हुँदैन् । बुँदाटिपोट शब्द, शब्दसमूह, चिह्न सङ्केत वा अन्य कुनै रूपमा गर्न सकिन्छ र यसरी गरिएको टिपोटलाई न्यूनतम बोधगम्यताका साथ अनुच्छेदको रूप पनि दिन सकिन्छ । बुँदाटिपोट सिलसिलेबार, क्रमबद्ध, स्पष्ट र सङ्क्षिप्त हुनुपर्छ (पौडेल, २०७४) ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

वीरेन्द्रनगर नगरपालिकाको माध्यमिक तह कक्षा दसका विद्यार्थीहरूको बुँदा टिपोट क्षमता कस्तो रहेको छ ? पठनबोध क्षमताको स्थिति कस्तो छ ? सरकारी र नीजि विद्यालयको भिन्नता के कस्तो रहेको छ ? पठनबोध क्षमताका आधारमा बुँदा टिपोट क्षमता कस्तो रहेको छ ? लैङ्गिक आधारमा बुँदा टिपोट क्षमताको स्थिति कस्तो छ ? जस्ता तथ्य पत्ता लगाई बुँदा टिपोट क्षमतामा सुधारात्मक उपायहरू खोजी गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा विद्यार्थीलाई निर्धारित अनुच्छेद पढ्न लगाई सामग्री सङ्कलन तथा व्याख्या विश्लेषण गरी निष्कर्ष र सुझाव दिइएको छ ।

कुनै पनि अनुसन्धान, अध्ययन, खोजकार्य आफैँमा महत्त्वपूर्ण विषय हो । लेखाइ सिपका लागि प्रमुख क्रियाकलापका रूपमा बुँदा टिपोटलाई लिइन्छ । कुनै भाषिक वा लिखित कुरा सुनेर वा पढेर त्यसमा भएका मुख्य कुरालाई टिप्ने काम बुँदाटिपोट हो । विद्यार्थीहरूले आफूले पढेका, सुनेका कुराहरू सबै सम्झन नसक्ने भएकाले मुख्य मुख्य कुराहरूलाई बुँदागत रूपमा टिपोट गर्नाले स्मरणमा सहजता हुन्छ साथै लेखन सिपको पनि विकास गराउँछ । अनुसन्धान कार्य आफैँमा जटिल, चुनौतिपूर्ण कार्य हो । अनुसन्धानमा नयाँ कुराको मात्र खोजी नगरी पुराना कुराको पुनरावलोकन वा पुनः व्याख्या गर्ने भएकाले यसको आफ्नै महत्त्व रहेको हुन्छ । कुनै पनि विषयवस्तुको सत्य तथ्य पत्ता लगाउनु नै अनुसन्धानको सान्दर्भिकता हो ।

बुँदा टिपोट अध्ययन गरेका विषयलाई अभिव्यक्त गर्ने एउटा कला हो । आधारभूत तहदेखि नै बुँदा टिपोट क्षमता पाठ्यक्रममा समावेश गरिएको छ । बुँदा टिपोट क्षमताले विद्यार्थीमा बोध क्षमताको विकास गराउने, तार्किक क्षमताको विकास गर्ने कार्य गर्दछ । पठनबोधको गहन अध्ययन पछि प्राप्त निष्कर्ष निकाल्न, लामा लामा अनुच्छेदहरू स्मरण गर्न, सिकाइ दीर्घायू बनाउन, पाठको भाव अभिव्यक्त गर्न, महत्त्वपूर्ण रहेकाले बुँदा टिपोट क्षमताको महत्त्व रहेको छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ गरी भाषाका चार सिप पर्दछन् । लेखाइ सिप अन्तर्गत पर्ने बुँदा टिपोट क्षमता कुनै अनुच्छेद पढ्न लगाई त्यसको मुख्य मुख्य कुरा पत्ता लगाइ लेखिन्छ ।

## उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्य वीरेन्द्रनगर नगरपालिकाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता र लैङ्गिक आधारमा बुँदा टिपोट क्षमताको तुलना गर्नु रहेको छ ।

## साहित्यको पुनरावलोकन

विद्यालय, महाविद्यालयमा मात्र नभई घरायसी कामकाज परिपूर्ति गर्न, दैनिक कार्य, चिठी, लेनदेन, टिपोट कार्यमा र जागिर तथा व्यापारिक कार्यमा समेत लेखाइको महत्त्व रहेको छ । भाषाका चार सिपमध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो । सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । बुँदा भन्नाले कुनै पाठ अनुच्छेद लेख, साहित्य, कथा निबन्ध, जीवनी इतिहास जस्ता लामो विषयवस्तु भएका रचना र घटनालाई सङ्ख्यात्मक रूपमा मूल आशयलाई नछुट्ने गरी तयार पारिएको टिपोट हो ।

भाषालाई जाति शुद्ध र स्पष्ट सुन्न र बुझ्न सकिन्छ सोही अनुरूप लेख्ने कार्य पनि बालियो हुने गर्दछ । भाषाका अन्य सिपभन्दा लेखाइ सिप ज्यादै कठिन र महत्त्वपूर्ण सिप हो । यस सिपलाई विकासित गर्न र अर्थपूर्ण लेखाइ गर्न बुँदा टिपोट कार्यले सहयोग गर्छ । विद्यार्थीको लेखाइ क्षमतालाई बलियो र शुद्ध लेख्ने सिपलाई सहयोग गर्दछ । यसरी बुँदा टिपोट कार्य गर्दा विद्यार्थीको मौलिक लेखाइ क्षमता वृद्धि हुन्छ । छिटो निर्णय लिन सक्ने क्षमता बढ्छ छोटा छोटा वाक्य निर्माण गर्ने विषयवस्तुको मूल सारलाई छुट्याउने क्षमता उच्च हुन्छ । बुँदा पाठ र अनुच्छेदबाट मूल विषयवस्तु र भाव नछुटाई सभार गरिएको सङ्ख्यात्मक टिप्पणी हो । पाठकले एक बुँदा पढिसकेपछि अर्को बुँदाको अनुमान गर्न सक्ने हुन्छ (पौडेल, २०७४) ।

कुनै पुस्तक, लेख वा लेखको खास अंश पढेर वा कसैको वक्तव्य र वार्तालाप, छलफल आदि सुनेर तिनको मर्म ठम्याई मुख्य कुरा सुव्यवस्थित र बुँदागत रूपमा पहिचान गरी लेख्ने पद्धतिलाई बुँदाटिपोट भनिन्छ (दाहाल, २०६२) । मुख्य कृति वा लामालामा लेखबाट कुनै पनि व्यक्तिलाई आवश्यक पर्ने महत्त्वपूर्ण एवम् सारगर्भित कुरा स्मरणका निमित्त बुँदाटिपोट सहयोगी हुन्छ । विस्तारमा बुझेका लेख छोटकरीमा लेख्न बुँदाटिपोट उपयोगी ठहरिन्छ यसले अनुच्छेदलाई सहज रूपमा बुझ्न मद्दत गर्दछ ।

यसले पाठकलाई सङ्ख्यात्मक रूपमा अध्ययन गर्न सजिलो र सरल बनाउछ । बुँदा टिपोट पनि पाठ, व्याकरण वक्तव्य आदिसँग सम्बन्धित मुख्य कुराको टिपोट गर्नु बुँदा टिपोट हो । 'बुँदा टिपोटमा मूलभुत कुराको क्रमबद्धता आवश्यक हुन्छ । वक्ताले आफ्नो वक्तव्यमा उल्लेख गर्नुपर्ने कुरा नछुटुन भनेर विद्यार्थीले शिक्षकको व्याख्यानलाई पुनर्लेखन गर्न, अर्काको व्याख्या टीका टिप्पणी गर्न सङ्क्षेपीकरण सारांश लेखका लागि बुँदा टिपोट अनिवार्य हुन आउँछ (लम्साल र अन्य, २०६५) । बुँदा टिपोट अत्यन्त बौद्धिक लेखन हो । बुँदा टिपोट अभ्यासले विद्यार्थीहरूलाई पाठ वा अनुच्छेदको मुख्य मर्मलाई समातेर पढ्ने तथा लेख्ने क्षमता बढाउँछ । यसबाट थोरै शब्दबाट धेरै कुरा भन्न र लेख्न सक्ने सिपको विकास हुन्छ ।

बुँदा टिपोट शिक्षणको मुख्य उद्देश्य पनि विद्यार्थीहरूमा सारभूत तथ्य ग्रहण गर्न सक्नु हो । सारांश मूल अंश भन्दा टाढा नभई यसमा कागतीको रस निचोरेझैँ मुख्य वा मूलभूत कुरालाई मात्र समावेश गरेको हुन्छ (ज्ञवाली र भट्टराई, २०६४) । बुदा टिपोटका निम्ति पाठ्यपुस्तकमा विषयवस्तु प्रस्तुत गरिन्छ । जसका आधारमा विद्यार्थीहरू भाषाका विविध सिपमा पक्षमा दक्षता हासिल गर्दछन् ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

विद्यार्थीको अनुभव क्षमता भन्दा उच्च स्तरको पाठ्यसामग्री प्रयोग गरेमा उनीहरूको भाषिक क्षमता हासिल गर्ने क्षमता हराउछ । किनकि भाषा कै माध्यमबाट अन्य विषयहरू पनि सिकाइन्छ । पाठ्य पुस्तकमा अभिव्यक्त गरेका अर्थ वा विभिन्न तत्त्वलाई पाठकले आफ्नो मष्तिष्कमा धारण गर्दछ । यसले गर्दा लेखकको आशयलाई बिगारेर बुझ्ने वा नबुझ्ने समेत सम्भावना हुन्छ । अतः बुँदा टिपोट पठन सामग्रीको त्यो बुझ्न सक्ने गुण  हो । जसका आधारमा उपलब्धि समेत प्रदर्शित होस् (डिस्नरी अफ साइकोलोजी, १९९५ उद्धृत सिजापति, २०७५) । बुँदा टिपोटप्रति पाठ, व्याख्यान, वक्तव्यसँग सम्बन्धित मुख्य कुराको टिपोट गर्नु बुँदा टिपोट हो । अभिव्यक्त गरिएका कुराको सार खिचेपछी कुनै कुराको स्मरण गर्न सजिलो हुनका साथै घटना वा समाचार सङ्कलनमा सहयोग पुर्‍याउने र लेखनमा तिव्रता ल्याउन बुँदा टिपोटले ठूलो सहयोग पुर्‍याइरहेको हुन्छ ।

वि.क. (२०७६) द्वारा पञ्चपुरी नगरपालिकाका कक्षा दसका विद्यार्थीको बुँदा टिपोट क्षमता शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य पञ्चपुरी नगरपालिकाका कक्षा दसका विद्यार्थीको समग्रमा बुँदा टिपोट क्षमता पहिल्याउनु हो । यसको साथै छात्रछात्राबीच बुँदा टिपोट क्षमताको तुलना गर्नु, संस्थागत विद्यालय र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमताको तुलना गर्नु रहेको छ । यसमा क्षेत्रीय विधि, तुलनात्मक विधि, अनुच्छेद पठनबोध विधि र पुस्तकालय विधिको प्रयोग गरिएको छ । समग्रमा विद्यार्थीको बुँदा टिपोट क्षमता नमुना अनुच्छेदबाट परीक्षण गर्दा ५० प्रतिशतभन्दा कम औसत उपलब्धि रहेको देखाइएको छ । यसले विद्यार्थीको बुँदा टिपोट क्षमता उच्च नभई सामान्य रहेको, छात्राको औसत उपलब्धि ४९.६ र छात्रको औसत उपलब्धि ४५.९२ प्रतिशत रहेको, सामुदायिक विद्यालयका विद्यार्थीहरूको औसत उपलब्धि ४९.५ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरूको औसत उपलब्धि ४६.८५ प्रतिशत रहेको निष्कर्ष निकालिएको छ । ग्रामीण वातावरणमा नयाँ स्रोत र साधनको प्रयोग, नयाँ प्रवृतिको प्रयोग गर्न नसक्नु शिक्षक, विद्यार्थी, नियमित विद्यालयमा उपस्थित नहुनु विद्यार्थीहरूको बुँदा टिपोट क्षमता कमजोर हुने कारणहरू रहेको समेत औंल्याइएको छ ।

खराल (२०७६) द्वारा वीरेन्द्रनगर नगरपालिका कक्षा एघारका विद्यार्थीको बुँदा टिपोट क्षमता शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधको मुख्य उद्देश्य वीरेन्द्रनगर नगरपालिका कक्षा एघारमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमता पहिल्याउनु रहेको  छ । यसको लागि क्षेत्रीय विधि, तुलनात्मक विधि, अनुच्छेद पठनबोध विधि र पुस्तकालय विधिको प्रयोग गरी शोधपत्र तयार गरिएको छ । वीरेन्द्रनगर नगरपालिकाका कक्षा एघारका विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । समग्रमा विद्यार्थीको बुँदाटिपोट क्षमता नमुना अनुच्छेदबाट परीक्षण गर्दा औषत उपलब्धि ५९.३२ देखिनुले बुँदा टिपोट क्षमता मध्यम प्रकृतिको मानिएको छ । अनुच्छेद परिक्षणबाट छात्राछात्रहरूको बुँदाटिपोट क्षमतालाई हेर्दा छात्राको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

औषत उपलब्धि ६२.०४ र छात्रको औषत उपलब्धि ५६.६५ रहेको छ । सामुदायिक र संस्थागत विद्यालयको बीचमा तुलना गर्दा सामुदायिक विद्यालयको विद्यार्थीहरूको औषत उपलब्धि ५५.४४ प्रतिशत र संस्थागत विद्यालयको औषत उपलब्धि ५९.८७ प्रतिशत रहेको छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई तुलना गर्दा सामुदायिक विद्यालयमा अंग्रेजी विषय बाहेक अरु विषयहरू नेपाली माध्यममा शिक्षण हुने भएकाले विद्यार्थीले पढ्ने लेख्ने र बोल्ने सीप नेपालीका कारण बढी रहनु पर्ने भए तापनि हेलाभावको दृष्टिले कम औषत उपलब्धि रहेको निष्कर्ष निकालिएको छ ।

खत्री (२०७६) द्वारा अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरन विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा तथा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पहिचान गर्नु रहेको छ । उक्त अध्ययनमा मुख्यतः क्षेत्रीय अध्ययन विधिलाई आधार मानिएको छ । १०० जना विद्यार्थीहरू नमुनाको रूपमा छनोट गरी प्राथमिक तथा द्वितीय स्रोतका माध्यमले सामग्री सङ्कलन गरिएको पाइयो । उक्त अध्ययनमा प्राप्ताङ्कलाई आधार मानी ५ श्रेणीमा विभाजन गरिएको छ र त्यसकै आधारमा विद्यार्थीहरूको क्षमता पहिचान गरिएको देखिन्छ । समग्रमा बुँदाटिपोट क्षमता राम्रो रहेको पाइएन । विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको भन्दा छात्राहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक पाइयो । यसरी सम्पूर्ण आधार केलाएर हेर्दा उक्त विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता पाइएन । उक्त अध्ययनका लागि उद्देश्य छनोटमा सहयोगी रहेको पाइयो । बुँदाटिपोट क्षमता र कक्षाका आधारमा प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यसँग सम्बन्धित भए तापनि अध्ययन क्षेत्रका आधारमा भिन्न रहेको छ ।

लम्साल (२०७६) द्वारा दुल्लु नगरपालिकाका कक्षा दसका विद्यार्थीको समग्रमा बुँदा टिपोट क्षमता शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य दुल्लु नगरपालिकाका विद्यालयका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता पत्ता लगाउनु र लैङ्गिक आधारमा बुँदा टिपोट क्षमताको तुलना गर्नु रहेको छ । यसको लागि सर्वेक्षण विधिको साथै क्षेत्रीय विधि, तुलनात्मक विधि, अनुच्छेद पठनबोध विधि र पुस्तकालय विधिको प्रयोग गरी शोधपत्र तयार गरिएको छ । दैलेख दुल्लु नगरपालिकाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । समग्रमा विद्यार्थीको बुँदा टिपोट क्षमता नमुना अनुच्छेदबाट परीक्षण गर्दा ५० प्रतिशतभन्दा कम औषत उपलब्धि

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

देखिएको, छात्रछात्राहरूको बुँदा टिपोट क्षमतालाई हेर्दा छात्राको औषत उपलब्धि ५३.३ र छात्रको औषत उपलब्धि ४८.१ प्रतिशत रहेकोले छात्राभन्दा छात्रको बुँदा टिपोट क्षमतामा कमजोर देखिएको, औषत उपलब्धिका आधारमा दृष्टांशमा ४९.९५ र अदृष्टांश ४७.७७ प्रतिशत रहेकोले विद्यार्थीको औषत उपलब्धि सामान्य रहेको उल्लेख गरिएको छ । छात्रा नियमित विद्यालयमा उपस्थित हुने, नेपाल सरकारले विद्यालय तहमा छात्रा सहभागिता बढाउनको लागि प्रदान गरिने छात्रा छात्रवृत्ति प्रदान गरिने, छात्रको तुलनामा छात्राहरू पढाइमा मिहिनेत, लगनशील भएकाले, अभिभावकले पनि छात्रालाई पढाइको वातावरण मिलाएको कारणले छात्राको बुँदा टिपोट क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

उपर्युक्त पूर्वकार्यहरूलाई हेर्दा लेखाइ सिपसम्बन्धी अध्ययन अनुसन्धान यसपूर्व पनि भइसकेका पाइन्छन् तर सुर्खेत जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन आजसम्म नभएकाले अरू अध्ययनभन्दा यो भिन्न रहेको छ । उक्त पूर्वकार्यहरूले अवधारणा निर्माण, तथ्याङ्क सङ्कलन, व्याख्या विश्लेषण, उद्देश्य निर्माण जस्ता कार्यहरूमा सहयोग पुऱ्याएका छन् ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धान क्षेत्रीय अध्ययन विधिको आधारमा निम्नानुसार विधि तथा सामग्री सङ्कलन गर्ने कार्य गरिएको छ । सुर्खेत जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको जनसङ्ख्या प्रतिनिधि नमुना छनोटमा दसओटा विद्यालयका १०० जना विद्यार्थीहरूको प्रत्यक्ष सहभागितामा बुँदाटिपोट लेखन कार्य गराई उक्त कार्यबाट आएको परिणामको आवश्यकता अनुरूप व्याख्या तथा तुलनात्मक विश्लेषण गरी क्षमता पहिचान गरिएको छ । सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई माध्यमिक विद्यालयका विद्यार्थीहरूका बुँदा टिपोट क्षमता भएको हुनाले विद्यार्थीहरूलाई केन्द्रविन्दु बनाई सर्वेक्षण विधिबाट अगाडी बढाइएको छ । यस्तै क्षेत्रीय विधि, तुलनात्मक विधि, अनुच्छेद पठनबोध विधि र पुस्तकालय विधिको अध्ययन गरी तयार गरिएको छ । आवश्यकता अनुसार अन्य विधिलाई पनि प्रयोग गरिएको छ ।

सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जसमा दसओटा सामुदायिक विद्यालयका १०/१० जना गरी १०० जना विद्यार्थीहरूको सहभागिता हुने गरी सम्भावनामूलक नमुना छनोट विधि प्रयोग गरिएको छ । सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका ५ ओटा सामुदायिक र ५ ओटा संस्थागत गरी दसओटा सामुदायिकलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ । यस अध्ययन क्षेत्रका श्री कृष्ण संस्कृत तथा साधारण मा.वि. इत्राम, श्री नेपाल राष्ट्रिय मा.वि., श्री नेपाल राष्ट्रिय चन्द्रगंगा मा.वि., गाग्रेताल, श्री

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

शिव मा.वि., लाटीकोइली, श्री अमरज्योती नमुना मा.वि., नेवारे, सुप्रिम एकेडेमी, सेडा आवासीय विद्यालय, इलाइट मा.वि., गोल्डेन वर्ड एकेडेमी र डि.भी. निकेतनलाई लिइएको छ ।

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन प्रक्रिया अपनाइने छ । यस अध्ययनमा अनुच्छेद, जाँचसूचीको प्रयोग गरी बुँदा टिपोट क्षमताको मापन गर्न तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त अध्ययनमा मूलतः क्षेत्रीय अध्ययन विधि र अनुच्छेद पठनबोध विधिको प्रयोग गरिएको छ ।

प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी सामग्री सङ्कलनका दुई माध्यम रहेका छन् । यो अनुसन्धान विद्यार्थीको लेखाइ सिपसँग सम्बन्धित भएकाले विद्यार्थीको लेखन क्षमता पहिचान गर्नका लागि सम्बन्धित क्षेत्रमा गई लेखन सिपको परीक्षण गरी तथ्य सङ्कलन गरिएको छ । यस अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क राखी विद्यार्थीहरूलाई दिइएको अनुच्छेदबाट बुँदाटिपोट लेखन गर्न लगाइएको छ । उक्त लेखनबाट प्राप्त तथ्याङ्क नै यस अध्ययनको प्राथमिक स्रोत रहेको छ । यस अध्ययनको तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषयमा भएका शोधकार्य, पाठ्यपुस्तक र शोधपुस्तकलाई लिइएको छ ।

यस अध्ययनको तथ्याङ्क सङ्कलनका लागि नमुना छनोटमा लिइएका दसओटा सामुदायिक विद्यालयका १०० जना विद्यार्थीलाई निर्धारित अनुच्छेद पढ्न लगाई त्यसबाट उपयुक्त बुँदा टिपोट गर्न लगाइएको छ । विद्यार्थीको उत्तरपुस्तिका सङ्कलन पश्चात प्रश्नको उत्तर कुञ्जिका तयार पारिएको छ । शुद्धता, संक्षिप्तता, विषयवस्तु क्रमभित्र रही उत्तरपुस्तिका परीक्षण गरिएको छ । विद्यार्थीको भाषा शैली, टिपोट क्षमता, शुद्धता र गतिशीलता सम्बन्धी सिपको वर्गीकरण गरिएको छ । तथ्य सङ्कलनका लागि उत्तरपुस्तिकामा अङ्कित गरिएको प्राप्ताङ्कलाई लैङ्गिकता र विद्यालयको प्रकृति समुहमा वर्गीकरण गरी तालिकीकरणको माध्यमबाट छुट्टाछुट्टै रूपमा वर्गीकरण गरिएको छ ।

प्रस्तुत अध्ययनलाई विश्वसनीय र भरपर्दो बनाउनका लागि र विद्यार्थीको बुँदा टिपोटलाई अङ्क र प्रतिशतका आधारमा तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कको व्याख्या तथा विश्लेषणका लागि उत्तरपुस्तिका परीक्षणबाट आएको नतिजालाई आधार मानी विद्यार्थीले प्राप्त गरेको परीक्षण अङ्कबाट नै सम्पूर्ण विद्यार्थीको समग्र प्राप्ताङ्क, प्रतिशत, औषत प्राप्ताङ्क, दृष्टांश, अदृष्टांक प्राप्ताङ्क, प्रतिशत, औषत प्राप्ताङ्क निकालिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## व्याख्या र विश्लेषण

### समग्र बुँदा टिपोट क्षमताको स्थिति

व्याख्या तथा विश्लेषण भनेको अध्ययन क्षेत्रबाट प्राप्त भएका तथ्यहरूलाई विभिन्न आधारमा प्रमाणित गरी तिनीहरूका बीचको समानता र असमानता, कमजोरी, घटीबढी लगायत विविध दृष्टिकोणबाट तुलना गरेर तथ्याङ्कको विश्वसनीयता र पादर्शिता तथा मापदण्ड अनुरूप देखाउने कार्यलाई व्याख्या तथा विश्लेषण भनिएको छ । यस अध्ययनमा कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमतासम्बन्धी शोधकार्य भएको हुँदा मूलतः वीरेन्द्रनगर नगरपालिकाअन्तर्गतका विद्यालयका विद्यार्थीको बुँदा टिपोट क्षमता दाँज्न सामग्री सङ्कलन गरी अध्ययन क्षेत्रको प्रत्यक्ष सर्वेक्षणबाट ल्याइएका तथ्याङ्कको विश्लेषण र व्याख्या गर्ने रहेको छ । यस अध्ययनमा वीरेन्द्रनगर नगरपालिकाका कक्षा दसमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमता पत्ता लगाउने र त्यसको जानकारी लिने उद्देश्य भएका र त्यस्ता उद्देश्य प्राप्तिका लागि अघिल्लो अध्यायमा दिइएको जानकारीको अध्ययन बमोजिम वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका पाँच ओटा सामुदायिक र पाँच ओटा संस्थागत गरी जम्मा दस ओटा विद्यालयका १०० जना विद्यार्थीहरूबाट आवश्यक मात्रामा तथ्याङ्क सङ्कलन गरिएको छ ।

अध्ययन क्षेत्रमा गरिएको अनुसार प्राप्त भएका तथ्याङ्कलाई विश्वसनीयता र पारदर्शितापूर्ण बनाउन विभिन्न गणितीय मापदण्डका आधारमा हेरफेर गरिसकेपछि सत्यतथ्य उद्घाटन गर्ने कोशिस गरिएको छ । संकलित तथ्याङ्कका आधारमा यस अध्यायमा व्याख्या तथा विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशत गणना गरी तालिका मार्फत प्रस्तुत गरिएको छ । विद्यार्थीका समग्र बुँदा टिपोटलाई विभिन्न उपशीर्षकमा यसरी प्रस्तुत गरिएको छ :

### प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमता

विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई अनुच्छेदको प्रश्नावलीको आधारमा न्यून, मध्यम र उच्च तहको श्रेणी विभाजन गरी शुद्धता, संक्षिप्ता र विषयवस्तुको आधारमा छुट्टाइएको छ ।

तालिका १

*प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति*

| कूल सङ्ख्या | न्यूनतम १% देखि २५% सम्म | | २६% देखि ५०% सम्म | | ५१% देखि ७५% सम्म | | ७६% भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६ | ६ | २६ | २६ | ५७ | ५७ | ११ | ११ |

स्रोत : स्थलगत अध्ययन, २०८१

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

उपयुक्त तालिकानुसार प्रतिनिधि नमुना छनोटको कूल सङ्ख्या १०० मध्ये २५ प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएकामा विद्यार्थीहरूको सङ्ख्या ६ प्रतिशत देखिन्छ । यसबाट के देखिन्छ भने २५ प्रतिशत भन्दा कम ६ प्रतिशत विद्यार्थी बुँदा टिपोट क्षमता भएबाट केही मात्रा अपरिपक्व उमेरका रहेको छ । घरायसी स्थिति नाजुक भई पढाइप्रति ध्यान नदिएको र बौद्धिक क्षमताले नभ्याइकन कक्षोन्नती गरेको पनि यसबाट प्रमाणित हुन्छ । २५ प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल बुँदा टिपोट क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २६ प्रतिशत रहेको छ । ५० प्रतिशत भन्दा माथि र ७५ प्रतिशत भन्दा तल बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या ५७ र प्रतिशत ५७ रहेको पाइएको छ । यसैगरी ७५ प्रतिशत भन्दा बढी बुँदा टिपोट क्षमता भएका विद्यार्थी ११ जना र प्रतिशतको आधारमा ११ प्रतिशत विद्याथीहरूको बुँदा टिपोट क्षमता अति नै राम्रो मानिएको छ । यसैगरी सम्पूर्ण विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सन्तोषजनक नै रहेको छ ।

**मध्यमानका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमता**

विद्यार्थीहरूको बुँदा टिपोट क्षमतालाई अनुच्छेदको प्रश्नावलीको आधारमा मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल कति जनाले कति प्रतिशत प्राप्त गर्न सके भन्ने कुरा देखाइएका छन् ।

तालिका २

*मध्यमानका आधारमा विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५३.१० | ६० | ६० | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा नमुना छनोट गरिएका १०० जना विद्यार्थीहरूको बुँदा टिपोट क्षमताको मध्यमान ५३.१० रहेको छ । मध्यमानलाई आधार मानेर मध्यमान भन्दा तल प्रस्तुत तालिकालाई वर्गीकरण गरेर हेर्दा सम्पूर्ण विद्यार्थीमध्ये ६० प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४० प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि बढी र मध्यमानभन्दा तल कम विद्यार्थीहरू रहेकाले विद्यार्थीहरूको बुँदा टिपोट क्षमता सन्तोषजनक रहेको छ । विद्यार्थीहरू घरायसी काममा व्यस्त रहनाले र पढाइमा बाबुआमाको पनि ध्यान नहुनाले विद्यार्थीमा पढाइ भन्दा काममा बढी समय दिनुपर्ने, त्यसमा पनि सामाजिक सञ्जालमा व्यस्त रहनाले पढाइप्रति ध्यान नदिने गर्नाले विद्यार्थीहरूमा बुँदा टिपोट क्षमतामा बृद्धि हुन नसक्नुको कारण रहेको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

**विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थिति**

विद्यार्थी क्षमताको परिणामको आधारमा १ देखि २५ प्रतिशत न्यूनतम्, २५ देखि ५० सामान्य, ५१ देखि ७५ प्रतिशत र ७६ प्रतिशत उच्चतम् प्रतिशतको रूपमा लिन सकिन्छ ।

**प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता**

प्रतिशतका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्दा धेरै कमजोर र जेहेन्दार विद्यार्थीहरूको औषत मानाङ्क जोडिने भएकाले तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३

*प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कूल सङ्ख्या | न्यूनतम १% देखि २५% सम्म | | २६% देखि ५०% सम्म | | ५१% देखि ७५% सम्म | | ७६% भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १४ | १४ | १६ | १६ | ५९ | ४९ | ११ | ११ |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थितिलाई प्रतिशतका आधारमा देखाइएको छ । विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमतालाई प्रतिशतमा गणना गरी हेर्दा कूल १०० जना विद्यार्थीहरूमध्ये २५ प्रतिशत भन्दा कम दृष्टांश बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या १४ प्रतिशत र ५० प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या १६ प्रतिशत देखिन्छ । त्यसैगरी ५० प्रतिशतभन्दा माथि र ७५ प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थी ५९ जना र ५९ प्रतिशत रहेको देखिन्छ । यसैगरी ७६ प्रतिशत भन्दा माथि बुँदा टिपोट क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा धेरै प्रतिशत विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता ५० प्रतिशतभन्दा कम देखिनुले विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमता सन्तोषजनक देखिदैन । जसले गर्दा विद्यार्थीहरूमा पढाइ र बोध गर्ने क्षमतामा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । ७५ प्रतिशतभन्दा बढी दृष्टांश बुँदा टिपोट क्षमता भएका विद्यार्थीको सङ्ख्या ११ प्रतिशत भेटाउनुले बुँदा टिपोट क्षमता सन्तोषजनक परिणाम रहेको छ ।

**मध्यमानका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमता**

मध्यमानका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुपर्दा कमजोर र जेहेन्दार विद्यार्थीहरूको औषतमा मानाङ्क जोडिने भएकाले तालिकामा प्रस्तुत गरिएको छ ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

तालिका ४

*मध्यमानका आधारमा विद्यार्थीहरूको दृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २७.०८ | ५७ | ५७ | ४३ | ४३ |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार दृष्टांश बुँदा टिपोट क्षमतामा कूल विद्यार्थी १०० को मध्यमान २७.०८ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान भन्दा माथि ५७ प्रतिशत विद्यार्थी र मध्यमानभन्दा तल ४३ प्रतिशत विद्यार्थी रहेको देखिन्छ । धेरै विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमता मध्यमान भन्दा माथि देखिनाले र थोरै विद्यार्थीको बुँदा टिपोट क्षमता मध्यमानभन्दा तल रहकोले कक्षा दसमा अध्ययनरत विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमता सामान्य रहेको मान्न सकिन्छ ।

**विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमताको स्थिति**

बुँदा टिपोट क्षमताको अभिवृद्धि गर्दा अदृष्टांश प्रवृति गरिनाले विद्यार्थीको परिणामको वास्तविक नतिजा देखिने भएकाले तालिकामा उल्लेख गरिएको छ ।

**प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता**

प्रतिशतका आधारमा विद्यार्थीको अदृष्टांश बुँदा टिपोट क्षमतालाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५

*प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कूल सङ्ख्या | २५% भन्दा कम | | ५०% भन्दा कम | | ५०% भन्दा बढी | | ७५% भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ११ | ११ | २१ | २१ | ५८ | ५८ | १० | १० |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा प्रतिशतका आधारमा विद्यार्थीको अदृष्टांश बुँदा टिपोट क्षमतालाई हेर्दा २५ प्रतिशतभन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थीहरू ११ प्रतिशत, ५० प्रतिशत भन्दा कम बुँदा टिपोट क्षमता भएका विद्यार्थी २१ प्रतिशत र ५० प्रतिशत भन्दा बढी बुँदा टिपोट क्षमता भएका विद्यार्थीको ५८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ७५ प्रतिशतभन्दा बढी बुँदा टिपोट क्षमता भएका विद्यार्थी १० जना र १० प्रतिशत भएको देखिएको छ । यसरी हेर्दा विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता ५० प्रतिशतभन्दा कमको कम रहनु र ५० प्रतिशतभन्दा बढी अदृष्टांश बुँदा टिपोट क्षमतामा बढी

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रतिशत विद्यार्थीहरू देखिनुले विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता सन्तोषजनक रहेको देखिन आउँछ । यसबाट के बुझिन्छ भने विद्यालय शिक्षण क्रियाकलापमा विद्यार्थीहरूलाई पाठ्यपुस्तकका साथ साथै अन्य क्रियाकलापले गर्दा र यसप्रति विद्यार्थीको चासो देखिएकोले यस क्षेत्रमा राम्रो गरेको पाइन्छ । यसलाई सुधार गर्न विद्यार्थीलाई विद्यालयमा अध्ययनरत विभिन्न विषयहरूका साथ साथै अन्य विद्यार्थी पुस्तक पढ्न दिई त्यसका प्रश्न निर्माण गरी दिई उत्तर दिने अभ्यास गराउँदा विद्यार्थीमा पढ्ने बानीको विकासका साथसाथै अदृष्टांश बुँदा टिपोट क्षमतामा अझ वृद्धि गर्न सकिन्छ ।

**मध्यमानका आधारमा विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमता**

यस तालिकामा विद्यार्थीको बुँदा टिपोट क्षमतालाई मध्यमान भन्दा माथि र तह गरी दुई समूहमा विभाजन गरी विद्यार्थीको प्रतिफल तलको तालिकामा विश्लेषण गरिएको छ ।

तालिका ६

*मध्यमानका आधारमा विद्यार्थीहरूको अदृष्टांश बुँदा टिपोट क्षमताको स्थिति*

| कुल सङ्ख्या | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २६.०२ | ५६ | ५६ | ४४ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०८१

प्रस्तुत तालिकामा विद्यार्थीको अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान दिइएको छ । जसअनुसार कूल १०० जना विद्यार्थीको अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान २६.०२ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान भन्दा माथि बुँदा टिपोट क्षमता भएका विद्यार्थी ५६ प्रतिशत र मध्यमान भन्दा तल कम बुँदा टिपोट क्षमता भएका विद्यार्थी ४४ प्रतिशत देखिन्छ । यसरी मध्यमान भन्दा माथिको प्रतिशत बढी देखिएको विद्यार्थीको बुँदा टिपोट क्षमता राम्रो देखिएको छ ।

**समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश बुँदा टिपोट क्षमताको तुलना**

विद्यार्थीको बुँदा टिपोट क्षमतालाई व्याख्या र विश्लेषण गर्न सम्पूर्ण विद्यार्थीलाई एक समूह मानि उनीहरूले प्राप्त गरेको परिणामको आधार अनुसार छुट्टाइ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७

*समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश बुँदा टिपोट क्षमताको तुलना स्थिति*

| सम्पूर्ण विद्यार्थी सङ्ख्या १०० | दृष्टांश उद्धरण | अदृष्टांश उद्धरण |
|---|---|---|
| मध्यमान | २७.०८ | २६.०२ |

स्रोत : स्थलगत अध्ययन, २०८१

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

प्रस्तुत तालिकामा विद्यार्थीको दृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान २७.०८ रहेको छ र अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान २६.०२ रहेको छ । यसरी दुवै मध्यमानलाई हेर्दा दृष्टांश बुँदा टिपोट क्षमताको मध्यमानभन्दा अदृष्टांश बुँदा टिपोट क्षमताको मध्यमान कम रहेको छ । त्यसैले विद्यार्थीहरूमा अदृष्टांश बुँदा टिपोट क्षमता भन्दा दृष्टांश बुँदा टिपोट क्षमता उच्च रहेको देखिन्छ । दृष्टांश र अदृष्टांश बुँदा टिपोट क्षमतामा अन्तर केलाउँदा १.०६ ले दृष्टांश बुदा टिपोट क्षमता बढी रहेको देखिन्छ । यसबाट विद्यार्थीका दृष्टांश भन्दा अदृष्टांश उद्धरणमा कठिनाई भएको महसुस गरिएको छ । यसबाट के देखिन आउँछ भने विद्यालयले केवल पाठ्यपुस्तकमा समाविष्ट पाठहरूबाट मात्र बुँदा टिपोट सम्बन्धी अभ्यास गराउने भएका कारणले नै विद्यार्थीमा अदृष्टांश बुँदा टिपोटको अवस्था कमजोर पाइएको हो ।

## निष्कर्ष

कक्षा दसमा अध्ययनरत विद्यार्थीको समग्रमा बुँदाटिपोट क्षमता पहिल्याउनु हो । यसको साथै छात्र छात्रा बीच बुँदा टिपोट क्षमताको तुलना गर्नु संस्थागत विद्यालय र समुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको बुँदा टिपोट क्षमताको तुलना गर्नु रहेको छ । नेपाली मातृभाषी र नेपाली विमातृ भाषी बीच बुँदा टिपोट क्षमताको अन्तर पत्ता लागउनु हो । समग्रमा विद्यार्थीको बुँदा टिपोट क्षमता नमुना अनुच्छेदबाट परीक्षण गर्दा ५० प्रतिशत भन्दा कम औषत उपलब्धि देखिन्छ । यसले विद्यार्थीको बुँदा टिपोट क्षमता उच्च नभई समान्य मान्न सकिन्छ । अनुचछेद परिक्षणबाट छात्रछात्राहरूको बुँदा टिपोट क्षमतालाई हेर्दा छात्रको औषत उपलब्धि ५५.५२ र छात्राको औषत उपलब्धि ५२.२८ प्रतिशत रहेको छ । यसले छात्र भन्दा छात्रा बुँदा टिपोट क्षमतामा कमजोर रहेका छन् । संस्थागत र सामुदायिक विद्यालयको बीचमा तुलना गर्दा सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको बुँदा टिपोट क्षमता कम र संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको बुँदा टिपोट क्षमता बढी रहेको छ ।

विद्यार्थीको बुँदा टिपोट क्षमतालाई औषत उपलब्धिका आधारमा ५३.१० प्रतिशत छ । यसलाई विद्यार्थीको औषत उपलब्धि सामान्य मान्न सकिन्छ । छात्रछात्राको तुलना गर्दा यसमा छात्र भन्दा छात्राको औषत अंक कम छ । किनभने छात्रहरूले घरको काम काज गर्नुपर्ने हुन्छ । आफ्ना साना भाई बहिनीलाई हेरचाह गर्नुपर्ने र अभिभावकले पनि छात्रालाई पढाईभन्दा पनि काममा लगाउने कारणले पढाईप्रति राम्रो वातावरण नपाएर उनीहरूको बुँदा टिपोट क्षमता कम हुन गएको हो । छात्र नियमित विद्यालयमा उपस्थित हुने अभिभावकले पनि छात्रलाई पढाइका वातावरण मिलाउने कारणले छात्रको बुँदा टिपोट क्षमता उच्च छ । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको बुँदा टिपोट क्षमतालाई

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

तुलना गर्दा सामुदायिक विद्यालयमा नेपाली भाषालाई बढी प्राथमिकता दिए पनि अभ्यासमा ध्यान नदिएकाले संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको देखिन्छ ।

**सन्दर्भसूची**


खराल, धनमाया (२०७६), *वीरेन्द्रनगर नगरपालिका कक्षा एघारका विद्यार्थीको बुँदा टिपोट क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

खत्री, कमला (२०७६), *अर्घाखाँची जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

दाहाल, दुर्गाप्रसाद (२०६२), *अनिवार्य नेपाली,* काठमाडौं : के.पी. पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* (ते.सं.), काठमाडौं : विद्यार्थी प्रकाशन ।

लम्साल, सुनिता (२०७६), *दुल्लु नगरपालिकाका कक्षा दसका विद्यार्थीको समग्रमा बुँदा टिपोट क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

वि.क., प्रभा (२०७६), *पञ्चपुरी नगरपालिकाका कक्षा दसका विद्यार्थीको बुँदा टिपोट क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

शर्मा, केदारप्रसाद (२०६७), *नेपाली भाषा साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिजापती, बमबहादुर (२०७५), *दैलेख आठबिस नगरपालिकाका कक्षा आठका विद्यार्थीको बुँदा टिपोट क्षमता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

ज्ञवाली, रामप्रसाद र भट्टराई, गणेशप्रसाद (२०६४), *अनिवार्य नेपाली,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।